LOVE & SUPPORT FOUNDATION
लभ एण्ड सपोर्ट फाउण्डेसन
NON-PROFIT ORGANIZATION
गैर नाफामुलक संस्था
TAX ID: 83 - 1476782
Website: www.loveandsupportfoundation.org **Phone: 828-620-9896**

S/No. .....

प्रेस विज्ञप्ती

आदरणीय पत्रकार मित्रहरु

अभिवादन !

यहाँहरुलाई विदितै छ, लभ एण्ड सपोर्ट फाउण्डेसन गैरनाफामुलक परोपकारी संस्था हो । यस संस्थाले अनाथ वालवालिकाहरुको सहायता तथा घरबारविहिनहरुलाई खास सन्दर्भमा भोजन गराइरहेको छ । असहाय तथा सिमान्तकृत समुदायको भरथेगमा सानो मात्रामा भएपनि योगदान पुऱ्याउनु हाम्रो प्राथमिक लक्ष्य हो । साथसाथै हामी नेपाली भाषा, साहित्य, कला र सञ्चारको क्षेत्रमा निष्ठापुर्वक सक्रिय हुने तथा सार्वजनिक हितार्थ कार्य गर्ने महानुभावहरुको योगदानको कदर गर्ने क्रमलाई पनि उत्तिकै प्राथमिकतासाथ निरन्तरता दिइरहेका छौं ।

यसै सन्दर्भमा यस लभ एण्ड सपोर्ट फाउण्डेसनले यहि २६ डिसेम्बरमा **दोस्रो ग्लोवल नेपाली फिल्म, म्युजिक, मिडिया एण्ड सोसल अवार्ड २०२०** आयोजना गर्न लागेको ब्यहोरा जानकारीको लागि सहर्ष अनुरोध गर्दछौं । अघिल्ला बर्षहरुमा हामीले यो कार्यक्रम विशेष समारोहको आयोजना गरि महोत्सवको रुपमा आयोजना गरिरहेका हौं तर कोभिड १९ को विश्वव्यापी महाब्याधीका कारण हामीले अघिल्ला बर्षहरुमा जस्तो जमघट यसपालि आयोजना गर्न नसक्ने भयौं । हामीले यसपालि छनौट भएका प्रतिभाहरुलाई संक्षिप्त समारोहको आयोजना साथै भर्चुअल माध्यमबाट उक्त अवार्ड प्रदान गर्ने निधो गरेका छौं ।

अवार्डमा सहभागिताको लागि फारमहरु तथा अन्य सम्पुर्ण जानकारी लभ एण्ड सपोर्ट फाउण्डेसनको वेवसाईट www.loveandsupportfoundation.org मा उपलब्ध छन् । अवार्डका लागि प्रतिभा आँफैले वा इच्छाएको अन्य कसैले पनि सिफारिस गर्नसक्ने जानकारी गराँउदछौं ।

केदार उप्रेती
साँस्कृतिक संयोजक
लभ एण्ड सपोर्ट फाउण्डेसन
संयुक्त राज्य अमेरिका
मिति : १०/२३/२०२०